# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

५ नं प्रदेश

बुद्धनगर, रुपन्देही

# ह्युमपाईप सप्लाइ सम्बन्धो सूचना

सुचना नं. ०१/०७५/०७६ (सप्लाइ)

प्रथमपटक प्रकाशित मिति : २०७५/०६/२९

यस नगरपालिकाको कार्यालयबाट तपसिलमा उल्लेख भए अनुसारको ह्युम पाईप सप्लाई गराउनु पर्ने भएकोले इजाजत प्राप्त सप्लायर्स व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.न., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्र स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक मुर्गिया शाखाका धरौटी खाता नं ०४१४२०११४९२४४०१५ ग.३ मा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ६० (साठी) दिन म्याद भएको ***(सप्लाइ कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको)*** बिडबण्ड संलग्न हुनु पर्नेछ ।

४. दरभाउ शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र/बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५. दरभाउपत्र मान्य अवधि (Bid Validity period) ९० (नब्बे) दिनको हुनेछ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानिने छ ।

७. दरभाउपत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दरभाउपत्र/बोलपत्र भरेको मानिने छ ।

८. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

९. दरभाउपत्रको डकुमेन्ट, स्पेसिफिकेसन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।

१०. प्राप्त सिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१२. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दस्तुर रु. | लागत ईष्टिमेट रकम VAT समेत | किसिम |
|---|---|---|---|---|---|---|
| १ | NCB-1/075/076 | विभिन्न साईजको ह्युम पाईप सप्लाई गर्ने कार्य | ३६५००.०० | १००० | १४,४८,८१५.९५ | दरभाउ पत्र |

**प्रमुख प्रशासकीय अधिकृत**